# हालान्डको ह्याट्रिकमा सिटी सेमिफाइनलमा

**काठमाडौं /एजेन्सी-** एर्लिङ हालान्डको उत्कृष्ट ह्याट्रिकको मद्दतले म्यानचेस्टर सिटीले लिभरपुललाई ४-० को फराकिलो अन्तरले पराजित गर्दै एफए कपको सेमिफाइनलमा स्थान सुरक्षित गरेको छ । शनिबार इतिहाद स्टेडियममा भएको क्वार्टरफाइनल खेलमा सिटीले एकपक्षीय प्रदर्शन गर्दै लगातार आठौं पटक एफए कपको सेमिफाइनलमा पुग्ने नयाँ कीर्तिमान समेत कायम गरेको छ ।

खेलको सुरुवातदेखि नै आक्रामक देखिएको सिटीका लागि हालान्डले ३९औं मिनेटमा पेनाल्टीमार्फत पहिलो गोल गरेका थिए । लिभरपुलका कप्तान भर्जिल भान डाइकले निको ओरेलीलाई डि-बक्सभित्र लडाएपछि रेफ्री माइकल ओलिभरले सिटीलाई पेनाल्टीको अवसर दिएका थिए ।

पहिलो हाफको इन्जुरी समयमा हालान्डले रायन चर्की र एन्टोन सेमेन्योको समन्वयमा मिलाएको क्रसलाई उत्कृष्ट हेडरमार्फत गोलमा परिणत गर्दै सिटीको अग्रता दोब्बर बनाए । दोस्रो हाफ सुरु भएको चार मिनेटमै एन्टोन सेमेन्योले रायन चर्कीको पासमा गोल गर्दै खेल ३-० को स्थितिमा पुऱ्याए । ५७औं मिनेटमा हालान्डले आफ्नो करियरको १२औं ह्याट्रिक पूरा गर्दै सिटीको जित सुनिश्चित गरे । यो यस सिजनमा उनको ३३औं क्लब गोल हो ।

लिभरपुलका लागि मोहम्मद सलाहले केही राम्रा अवसरहरू पाए पनि गोल गर्न सकेनन् । खेलको ६३औं मिनेटमा लिभरपुलले



पेनाल्टीको अवसर पाएको थियो, तर सलाहको प्रहारलाई सिटीका गोलकिपर जेम्स ट्राफोर्डले उत्कृष्ट बचाउ गरे । इतिहाद स्टेडियममा लिभरपुलका लागि यो सलाहको बिदाइ खेल समेत थियो ।

यस जितसँगै म्यानचेस्टर सिटीले फुटबल इतिहासमा केही महत्वपूर्ण कीर्तिमानहरू राखेको छ । एफए कपको इतिहासमा लगातार आठ पटक सेमिफाइनल पुग्ने सिटी पहिलो टोली बनेको छ । एफए कप अन्तर्गत घरेलु मैदानमा सिटीको यो लगातार १८औं जित हो, जसले सन् १८८१ मा क्लापहम रोभर्सले राखेको १७ खेलको कीर्तिमानलाई तोडेको छ ।

खेलपछि हालान्डले खुसी व्यक्त गर्दै भने, 'फेरि ह्याट्रिक गर्न पाउँदा र टोलीलाई वेम्बली पुऱ्याउन पाउँदा म निकै खुसी छु ।'

सिटीका सहायक प्रशिक्षक पेप लिन्डर्सले हालान्डलाई 'गोल मेसिन'को संज्ञा दिएका छन् ।

म्यानचेस्टर सिटीले अब सेमिफाइनलमा कोसँग खेल्ने भन्ने कुरा आइतबार हुने वेष्ट ह्याम र लिड्स युनाइटेडबीचको खेलपछि तय हुनेछ । सिटीले आफ्नो आगामी खेल प्रिमियर लिग अन्तर्गत अप्रिल १२ मा चेल्सीसँग खेल्ने तालिका रहेको छ ।

## प्रधानमन्त्री कप क्रिकेट

# गण्डकी र एपिएफ विजयी

काठमाडौं /मस- उत्कृष्ट लयमा रहेका अर्जुन कुमालको शतकमा गण्डकी प्रदेशले प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगितामा दोस्रो जित निकालेको छ ।

वीरगञ्जमा शनिबार भएको खेलमा अर्जुनको शतक प्रेरित गण्डकीले कोशी प्रदेशमाथि ३९ रनको जित निकाल्यो । अर्जुनले एक सय २ रनको शतकीय इनिङ खेले । उनी म्यान अफ दी म्याच पनि भए । उत्कृष्ट लयमा रहेका अर्जुन जारी प्रतियोगितामा सर्वाधिक (३४६ रन) रनकर्ता पनि हुन् । नारायणी क्रिकेट मैदानमा गण्डकीले दुई सय २८ रनको लक्ष्य दिएको थियो । जवाफी ब्याटिङ गरेको कोशीले पूरै ओभर खेले पनि ९ विकेटको क्षतिमा १८८ रन मात्र बनाउन सक्यो ।

सामान्य लक्ष्य पछ्याए पनि कोशीले सुरुदेखि संघर्ष गऱ्यो । सुरुदेखि सुस्त ब्याटिङ गरेको कोशीले राम्रो साझेदारी बनाउन नै सकेन । १०४ रन जोड्दा नै कोशीका सात ब्याटर पभेलियन फर्किए । तर, आठौं विकेटका लागि दीपेश कँडेल र आशिष मगरबीच ६० रनको साझेदारी बन्यो । विपिन खत्रीले आशिषलाई ३० रनमा विकेटकिपर मुस्कान थापाबाट क्याच गराउँदै साझेदारी तोडे । दीपेशले अविजित ५२ रनको संघर्षपूर्ण इनिङ खेले पनि टोलीलाई जित दिलाउन सकेनन् । दीपेशले ७३ बलमा तीन चौका र एक छक्का प्रहार गरे । अन्य ब्याट्सम्यानले अपेक्षाअनुसार प्रदर्शन गर्न नसक्दा कोशी लक्ष्यभन्दा टाढा रह्यो । ओपनरद्वय सुमन श्रेष्ठले २० रन र सकिब हकले १७ रन जोड्दा सिवास बजगाइँले १५ र सोनी अन्सारी १८ रन बनाए । गण्डकीको बलिङमा सिबरिन श्रेष्ठले तीन तथा अपराजित पौडेल र सुवास भण्डारीले दुई विकेट लिए । कमल परियार र विपिनको नाममा समान एक विकेट रह्यो ।

टस जितेर पहिले ब्याटिङ गरेको गण्डकीले निर्धारित ओभरमा सात विकेट गुमाउँदै दुई सय २७ रनको मध्यम योगफल बनाएको थियो । ६० रनमा ६



विकेट गुमाएको कोशी नाजुक स्थितिमा पुग्यो । तर सातौं विकेटका लागि अर्जुन र कप्तान विपिन खत्रीले १६७ रनको साझेदारी गर्दै मध्यम योगफलतर्फ अग्रसर गराए ।

ओपनर अर्जुनले उत्कृष्ट प्रदर्शन गर्दै १४१ बलमा १०२ रनको शतकीय इनिङ खेले । उनले ८ चौका प्रहार गरे । कप्तान विपिन ८६ बलमा ७६ रनमा अविजित रहे । गण्डकीले सुरुदेखि नै विकेट गुमाए पनि कुमाल र खत्रीको साझेदारीले इनिङ सम्हाले । अर्जुन अन्तिम ओभरमा आउट भए । विपिनले ६ चौका र दुई छक्का हिर्काए । दीपक डुम्रेले ९ बलमा १५ रनको आक्रामक योगदान दिए । अन्य ब्याट्सम्यान भने चल्न सकेनन् । ओपनर गौरव विक शुन्य, मुस्कान थापा १०, सिबरिन श्रेष्ठ १ र दिनेश बुढामगर १ रनमै आउट भए ।

कोशीका लागि दीपेश कँडेल सबैभन्दा सफल बलर साबित भए । उनले १० ओभरमा मात्र १८ रन खर्चेर चार विकेट लिए । राकेश शाह र सुजन थापालियाले समान १/१ विकेट लिए । कोशीका बलर अंकित न्यौपानेले चार ओभरमा २१ रन खर्चिए पनि विकेट लिन सकेनन् ।

यस जितसँगै गण्डकीले प्रतियोगितामा पाँच अंक जोडेको छ भने कोशी छैटौं खेलसम्म जितविहीन छ । प्रधानमन्त्री कपको इतिहासमा अर्जुनले एक हजार रनसमेत पूरा गरेका छन् । उनले मात्र २५ खेलमा १ हजार रन पूरा गरेका हुन् । एक हजार रन पार गर्ने अर्जुन दशौं खेलाडी हुन् ।

यता अभिशेक गौतमको उत्कृष्ट बलिङमा विभागीय टोली एपिएफले प्रतियोगितामा दोस्रो जित आत्मसात गरेको छ । जनकपुरमा शनिबार भएको खेलमा अभिशेक चम्किएपछि एपिएफले कर्णाली प्रदेशमाथि १० विकेटको फराकिलो जित निकाल्दै जारी प्रतियोगितामा दोस्रो सफलता आत्मसात गरेको हो ।

स्पिनर अभिशेकले उत्कृष्ट बलिङ गर्दै चार विकेट लिए । उनी म्यान अफ दी म्याच पनि भए । समान छैटौं खेलमा एपिएफको यो दोस्रो जित हो भने कर्णालीको चौथो हार हो । कर्णालीले एक सय ८ रनको झिनो लक्ष्य दियो । जवाफमा एपिएफले त्यो लक्ष्य १२ ओभरमा बिना विकेट पूरा गऱ्यो । प्रधानमन्त्री कपमा एपिएफले दोस्रोपल्ट १० विकेटले जित निकाल्यो । सन् २०२२ मा पनि एपिएफले सुदूरपश्चिमलाई १० विकेटले हराएको थियो । यस संस्करणमा खराब प्रदर्शन गरे पनि एपिएफ दोस्रोपल्ट फराकिलो जित निकाल्न सफल भयो ।

एपिएफका ओपनरद्वय आसिफ शेख र दीपक बोहोरा १०८ रनमा अविजित रहँदै २२८ बल बाँकी छँदा नै जित दिलाए । आसिफ ६५ रनमा र दीपक ४२ रनमा अविजित रहे । आसिफले ३८ बल खेल्दै १२ चौका र एक छक्का प्रहार गरे । दीपकको इनिङमा भने ६ चौका र दुई छक्का रह्यो । पहिलो खेलमा बागमतीलाई हराउँदा पनि आसिफले शतक प्रहार गरेका थिए । उनी यस प्रतियोगिताको सर्वाधिक रनकर्ताको सूचीमा दोस्रो स्थानमा छन् । आसिफले २४७ रन जोडेका छन् । कर्णालीका कप्तान दिवान पुनले पाँच बलर प्रयोग गरे पनि विकेट निकाल्न सकेनन् । यसअघि टस जितेर पहिले ब्याटिङ गरेको कर्णालीले ३६ ओभरमा १०७ रनमा नै अलआउट हुन पुग्यो । १९ वर्षे स्पिनर अभिशेकले कर्णालीका शीर्ष चार ब्याटरलाई सस्तैमा पभेलियन फर्काए ।

त्यसपछि कर्णाली समालिन नै सकेन । उनले ओपनर सुनिल धमलालाई १७ रनमा आउट गरे । ३.४ ओभरमा कर्णाली ३६/१ को अवस्थामा थियो । थप तीन रन जोड्दा कर्णाली चार विकेट गुमाउन पुग्यो र दबाबमा पऱ्यो । ओपनर रवीन्द्र शाही १८ रन, निश्चल रावल र विपिन रावल शून्य तथा विपिन शाही १ रनमा नै आउट भए । यससँगै ९.४ ओभरमा कर्णाली ३९/५ को अवस्थामा पुग्यो । मध्य क्रमका ब्याटर अर्जुन घर्तीले ३८ रन जोडे । यो नै सर्वाधिक ठूलो व्यक्तिगत स्कोर रह्यो । दीपेन्द्र रावतले २५ रनको योगदान दिए । एपिएफको बलिङमा कमलसिंह ऐरीले पनि समान चार विकेट लिंदा कप्तान रोहित पौडेलको नाममा एक विकेट रह्यो । एपिएफको पाँच अंक र कर्णालीको तीन अंक छ ।

# पर्सामा उपमेयर कप टी-२० क्रिकेट प्रतियोगिता सुरु

## उद्घाटन खेलमा धोबिनी र पोखरिया विजयी

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, २१ चैत

पर्साको कालिकामाई गाउँपालिकामा गाउँपालिकास्तरीय 'उपमेयर कप टी-२० क्रिकेट प्रतियोगिता' शनिबारदेखि सुरु भएको छ । कालिकामाई गाउँपालिकाको सहयोगमा कालिकामाई क्रिकेट क्लब मुडलीको आयोजनामा प्रतियोगिता सञ्चालन गरिएको हो ।

प्रतियोगिताको उद्घाटन नेपाली कांग्रेसका नेता तथा पूर्व उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले ब्याटिङ गर्दै गरेका थिए । उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले युवाहरूलाई खेलकुदमा मात्र नभई देश निर्माणमा समेत सक्रिय भूमिका खेल्न आग्रह गरे ।

खेलकुदले शारीरिक तथा मानसिक विकासमा टेवा पुऱ्याउने र स्थानीय तहको पहिचान देश-विदेशमा स्थापित गर्न सहयोग गर्ने भएकाले यसको प्रवर्द्धन आवश्यक रहेको उनले बताए । साथै, आगामी दिनमा व्यक्तिगत तथा मधेश प्रदेश सरकारका तर्फबाट पनि सहयोग रहने प्रतिबद्धता जनाए । वडा नम्बर १, मुडलीस्थित खेलमैदानमा भइरहेको प्रतियोगितामा आयोजक कालिकामाई क्रिकेट क्लबका साथै धोबिनी गाउँपालिका, पोखरिया नगरपालिका र बिन्दबासिनी गाउँपालिकाका टिमहरू सहभागी छन् । आयोजकका अनुसार प्रतियोगितामा कुल आठ टोलीको सहभागिता रहेको छ ।

प्रतियोगिताको उद्घाटन कार्यक्रम क्लबका अध्यक्ष बुलट पटेलको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा कालिकामाई गाउँपालिकाकी उपाध्यक्ष राजमती देवी बरैनी, अध्यक्ष पदका उम्मेदवार अजय पटेल, नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि बशिष्ठनारायण कुर्मी, जगरनाथपुर गाउँपालिकाका अध्यक्ष श्रीकान्त



यादव, नेपाली कांग्रेस पर्साका कोषाध्यक्ष प्रेम थापा लगायत स्थानीय जनप्रतिनिधि, खेलाडी तथा दर्शकहरूको उपस्थिति रहेको थियो । प्रतियोगिताअन्तर्गत शनिबार सम्पन्न उद्घाटन खेलहरूमा धोबिनी र पोखरिया विजयी भएका छन् । पहिलो खेलमा कालिकामाईले ११८ रनको लक्ष्य दिएकोमा धोबिनीले ११९ रन जोड्दै पूरा गऱ्यो । अर्को खेलमा पोखरियाले १६४ रन बनाएको थियो भने बिन्दबासिनी १४१ रनमै अलआउट भएपछि पोखरिया विजयी भयो ।


### लगानी हब लिमिटेडको
### नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/१२/२२**

कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/१२/०३ मा दर्ता भएको लगानी हब लिमिटेड (दर्ता नं. २५८९५३) को मिति २०८२/०९/१२ गते सम्पन्न वार्षिक साधारण सभाद्वारा पारित विशेष प्रस्ताव र कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७३/०२/३२ मा दर्ता भएको स्वेडा इन्भेष्टमेन्ट प्रा. लि. (दर्ता नम्बर १५०८४८) को मिति २०८२/०९/१२ गते सम्पन्न वार्षिक साधारण सभाद्वारा पारित विशेष प्रस्ताव बमोजिम स्वेडा इन्भेष्टमेन्ट प्रा. लि. लाई लगानी हब लिमिटेडमा गाभ्ने निर्णय गरेकोमा गाभिने कम्पनीको सम्पूर्ण सम्पत्ति र दायित्व लगानी हब लिमिटेडले व्यहोर्ने सकार्ने गरी स्वेडा इन्भेष्टमेन्ट प्रा. लि. लाई लगानी हब लिमिटेडमा गाभ्न र लगानी हब लिमिटेडको मिति २०८२/०९/१२ गते सम्पन्न वार्षिक साधारण सभाद्वारा विशेष प्रस्ताव पारित गरि साबिकको नाम परिवर्तन गरि स्वेडा लगानी हब लिमिटेड अंग्रेजीमा Cweda Lagani Hub Limited कायम गर्ने गरि गरिएको निर्णयलाई श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/११/२९ गतेको निर्णय अनुसार स्वीकृति तथा अभिलेख प्रदान गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/१२/२२**

**मिरर ओभरसिज प्रा. लि.**को मिति २०८२/१२/१४ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **स्किलवाइज इन्टरनेशनल प्रा. लि. (दर्ता नं. १७६२६६)** कायम गर्ने गरी मिति २०८२/१२/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### Shailung Rural Municipality
### Office of the Rural Municipal Executive
**Katakuti, Dolakha**
**Bagamati Province, Nepal**

### Invitation For Bid

**Date of Publication: 2082/12/22 (5th April 2026)**

Shailung Rural Municipality ,Katakuti,Dolakha office invites only electronic bids from all Nepalese eligible bidders for the mention in the table below on or before 2083/1/22 (5th May 2026) 12:00 hours. Eligible bidders may obtain further information at Shailung Rural Municipality,Katakuti, Dolakha or may visit PPMO website: www.bolpatra.gov.np/egp.

| S.N | Name of Project | Contract ID | Estimated Amount (with VAT & PS) | Bid Security (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Taasi Terchuk Shailung Gumba | SRM/ NCB/W/29/2082/083 | 11,19,704.09 | 32,000.00 | 3,000.00 |

**Chief Administrative Officer**

### Ratuwamai Municipality
### Office Of Municipal Executive
**Sijuwa, Morang**
**Koshi Province, Nepal**

### Invitation for Procurement of Goods

**First Date of Publication : 2082/12/22**

1. Ratuwamai Municipality Office invites sealed quoatation from Nepalese eligible bidders for the construction works mentioned below:

| S. N. | Contract Name/Contract ID | Cost of Bidding Document (NRs.) | Bid Security Amount (NRs.) | Deadline date of bid submission and opening date |
|---|---|---|---|---|
| 1. | Procurement of sanitary pad (Ultra) (Rmun/NCB/Sanitarypad/01/2082/83) | 3000 | 55,000 | **Submission Deadline**: 2083/01/22, 12:00 Noon<br>**Opening Date**: 2083/01/22, 13:00 Noon |

| Bid Document Purchase Fee | Bid Security |
|---|---|
| Name of Bank : **Nepal Investment Mega Bank Ltd.**<br>Account Name : **Ga.1.1 RatuwamaiNa.Pa Aantarik Rajasho Khata**<br>Account Number : **09701400000093** | Name of Bank : **Nepal Investment Mega Bank Ltd.**<br>Account Name : **Ga.3.1 RatuwamaiNa.Pa Dharauti Khata**<br>Account Number : **09701400000031** |

For more information Visit:ppmo.gov.np

**Chief Administrative Officer**